# नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड

**बानेश्वर, काठमाडौँ**

## प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०१/११)**

नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधि, २०८३ को दफा ३ बमोजिम नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गर्न उपयुक्त उम्मेदवारको नाम सिफारिस गर्ने प्रयोजनका लागि कार्यविधिको दफा ६ को उपदफा (१) बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा कम्पनीको कार्यालय, बानेश्वर (सडक बोर्डको भवन), काठमाडौँमा आइपुग्ने गरी रीतपूर्वकको दरखास्त आह्वान गरिन्छ । उम्मेदवारले दरखास्त दस्तुर वापत रु ५,०००।- (अक्षरेपी रु पाँच हजार मात्र) राष्ट्रिय वाणिज्य बैंक लि. टेकु, काठमाण्डौँमा रहेको राजस्व खाता नं. १०००१००२०००१००००, राजस्व संकेत नं. १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) कार्यालय कोड नं ३३७००३५०१ (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) मा दाखिला गरेको सक्कल भौचर संलग्न राखी पेश गर्नुपर्नेछ । उम्मेदवारले पेश गर्नुपर्ने दरखास्त फारामको नमूना र थप जानकारी कम्पनीको website: www.npncl.gov.np बाट प्राप्त गर्न सकिनेछ ।